# इतिहास बोकेको तोप इलाममा पुनः स्थापना हुँदै



प्रकाश नेपाल/हिटा
इलाम, १३ असोज

नेपाल एकीकरणको इतिहास बोकेको नेपाली सेनाको तोप इलाममा पुनः स्थापना हुने भएको छ । सुगौली सन्धिपछि नागरिक गढीबाट इलामको माईस्थान गढीमा सारिएको निशान र तोप पुनर्स्थापना हुने भएको हो । १९ वर्षअघि सुरक्षाका कारण इलामबाट लगिएको निशान २०७४ मा पुनः स्थापना भएको थियो । निशान पुनर्स्थापनापछि नेपाली सेनाको युद्धकालीन ऐतिहासिक तोप पनि इलाममा पुनर्स्थापना हुँदैछ ।

२०५९ साल वैशाख २६ गते नेपाली सेनाले सुरक्षाका कारण ब्यारेकमा राखेका तोपहरू इलामवासीको चाहना र संस्कृति संरक्षणमा नेपाली सेनाको योजनाअनुसार पुनर्स्थापना हुन लागेको रणशार्दूल गण, इलामका प्रमुख सेनानी सुनिल सुवेदीले बताउनुभयो ।

विसं १८७२ को सुगौली सन्धिपछि भारतको नागरी गढीबाट नेपाली सेनाको निशान र तोपसँगै सैनिक टुकडी प्रथमपटक सूर्योदय नगरपालिकास्थित पूर्णेडाँडा सारिएको थियो । सैनिक बस्ने गढी त्यसपछि माईजोगममाईको नामसालिङ हुँदै इलाम नगरपालिकाको माईस्थानमा स्थापना भएको थियो । नेपालको सिमाना पूर्वमा टिष्टासम्म पुगेको प्रमाणका रूपमा रहेको निशान र तोप फर्किनुमा नेपाली सेनासँगै इलामवासीले अगुवाइ गरेका छन् । पुरातात्त्विक हिसाबले महत्त्वपूर्ण रहेको माईस्थान क्षेत्रमा निशानसँगै तोप स्थापनाले इलामको सांस्कृतिक महत्त्व बढाएको इलाम नगरप्रमुख केदार थापाले बताउनुभयो ।

निशान सुरक्षाका लागि माईस्थान मन्दिरमा सेनाको टुकडीसमेत राखिएको छ । अहिले दुईवटा तोप पुनः स्थापनाका लागि मन्दिरको जिर्णोद्धारको काम नेपाली सेना, इलाम नगरपालिका-७ र माईस्थान मन्दिर समितिले समन्वय गरेको इलाम नगरपालिका-७ का अध्यक्ष नरेश श्रेष्ठले बताउनुभयो ।

इतिहासका रूपमा रहेको निशान र तोप पुनर्स्थापनाले इलामको पर्यटन प्रवर्द्धनमा पनि सहयोग पुग्नेछ । विसं २०७४ साल असार २३ गते निशान स्थापना भएको थियो । नेपाली सेना र इलाम नगरपालिकाले दुईवटा तोप प्रधानसेनापतिको उपस्थितिमा असोज १६ गते राखिनेछ ।

# चोयाका पोशाक लगाएर जीवन जिउँदै भरिबहादुर पर्तेल



ध्रुवसागर शर्मा/हिटा
म्याग्दी, १३ असोज

म्याग्दीको मालिका गाउँपालिका-२ रुम बेली तल्लो गाउँका ४९ वर्षीय भरिबहादुर पर्तेलले विगत दुई वर्षदेखि चोयाका पोशाक बनाएर र तिनलाई लगाई मेलापर्वमा गएर नै जीविकोपार्जन गर्दै आउनुभएको छ । जंगलबाट निगालो ल्याई त्यसबाट चोया निकालेर उहाँले टोपी, कोट, इस्टकोट, पाइन्ट, जाँगे, जुत्ता, झोला, मनिब्यागलगायतका पोशाकहरू चोयाबाट नै बनाउने र आफूले बनाएका ती पोशाकहरू लगाएर गाउँघर तथा शहर-बजारमा पुग्ने गर्नुहुन्छ ।

आधुनिक युगमा पनि पर्तेलले चोयाका पोशाक लगाएर डुलेको देख्दा कति मानिसहरू छक्कै पर्ने गरेका छन् भने कतिले उहाँको कलालाई सम्मान गर्दै पैसा दिएर प्रोत्साहित पनि गर्ने गर्दछन् । शौखिन व्यक्तिहरूले पर्तेलले बनाएका चोयाका कपडा किनेर घरमा सजाउनेसमेत गरेका छन् । 'मेरो आम्दानीको स्रोत भनेकै यही कला हो । मैले चोयाबाट शिरदेखि पाउसम्म लगाउने पोशाक बुन्न जानेको छु, यही पोशाक लगाएर म हिँड्ने गर्छु, यसबाट हुने आम्दानीले नै मेरो गुजारा चलेको छ,' पर्तेलले भन्नुभयो ।

पर्तेलको घरमा चार छोरा, एक छोरी र श्रीमती छन् । छोराहरू अलग भएर बसेका छन् भने छोरी विवाह गरेर गएकी छन् । घरमा श्रीमान्श्रीमतीमात्र हुनुहुन्छ । बिहान उठेर नजिकको जंगलमा गई निगालो ल्याउने, चोया बनाउने र चोयाका पोशाक तथा कृषि सामग्रीहरू बुनेर दिन बिताउने गर्नुभएका पर्तेलले चोयाका पोशाकहरू बेचेर दुई वर्षमा एक लाख ७० हजारभन्दा बढी आम्दानी गरेको बताउनुभयो । त्यसका अतिरिक्त चोयाका पोशाक लगाएर गाउँघर र शहरबजार जाँदा मानिसहरूले त्यस्ता पोशाक लगाएको देखेर खुसी भई पैसासमेत दिने गरेका र अहिलेसम्म त्यसरी ६० हजारभन्दा बढी कमाएको उहाँले बताउनुभयो ।

हिजोआज गाउँघरका युवायुवतीहरूले पर्तेलले लगाउने चोयाका पोशाक मागेर लगाई टिकटक बनाउने र कपडा लगाएबापत एक सय रुपैयाँ पर्तेललाई दिने गरेका छन् । पर्तेल भन्नुहुन्छ, 'अहिले त मेरा चोयाका पोशाक भाडामा समेत जाने गरेका छन्, केटाकेटीहरूले मेरा पोशाक लगाएर मोबाइलमा फोटो खिच्छन्, टिकटक बनाउँछन् र बदलामा मलाई पैसा दिने गरेका छन् ।'

बेलीको जनविकास आधारभूत विद्यालयमा आयोजित एक कार्यक्रममा चोयाका पोशाकहरू प्रदर्शन गरेर नै पर्तेलले तीन हजार बढी आम्दानी गर्नुभयो । उहाँको सीपको सम्मान गर्नुपर्ने र उहाँलाई प्रोत्साहित गरेर यस्तो कलाको प्रवर्द्धनमा जोड दिनुपर्ने स्थानीय समाजसेवी विष्णु पुनले बताउनुभयो ।

पर्तेलले पोशाकका अतिरिक्त चोयाबाट डोका, नाम्ला, भकारी, थुन्सेलगायतका घरायसी कृषि सामग्रीहरू पनि बनाउने गर्नुभएको छ । यस्ता कृषि सामग्रीहरू गाउँघरमा फाट्टफुट्ट बिक्री हुने गरे पनि यो पेशा व्यावसायिक नभएकाले उहाँले पोशाक बनाएर प्रदर्शन तथा बिक्रीवितरण गर्न थालेको बताउनुभयो ।

आफूले बनाएका चोयाका पोशाक जिल्लाका नेताहरू र प्रशासन प्रमुखहरूलाई उपहार दिने र त्यसको बजारीकरणमा सहयोग गर्न अपिल गर्ने आफ्नो चाहना भएको पर्तेलले बताउनुभयो । 'चोयाका पोशाक बनाउन सजिलो छैन, निकै मिहिनेत गर्नुपर्छ,' पर्तेलले भन्नुभयो, 'यस्ता पोशाकले हाम्रो पुरानो जीवन र पुर्खाहरूको त्यतिबेलाको अवस्थालाई पनि सम्झाउँछन् ।' स्थानीय सरकार वा सम्बन्धित निकायले सहयोग गरेमा आफूले अझ राम्रा हस्तकलाका सामग्रीहरू बनाउन सक्ने उहाँको भनाइ छ ।

## माटोको ढिस्कोमा पुरिएर एकजनाको मृत्यु

धनगढी/हिटा । कैलालीको गौरीगंगा नगरपालिका-४ राजिपुर बस्ने ५२ वर्षीया जयकला खत्रीको माटोको ढिस्कोमा पुरिएर बुधबार साँझ मृत्यु भएको छ । सोही ठाउँस्थित जनता आधारभूत विद्यालयको जमिनमा घर पोत्नका लागि माटो खन्ने क्रममा अचानक माटोको ढिस्को खसेर उहाँ पुरिएको प्रहरीले जनाएको छ । उहाँको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट राजिपुर र इलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।


## Chaunrideurali Rural Municipality
## Office of the Rural Municipal Executive
Dhadkharka Bhanjyang, Kavrepalanchok
**Bagmati Province**

### Invitation for Electronic Bids

**1st Date of Publication: 2079/06/14(2022-09-30)**

1. Chaunrideurali Rural Municipality, Dhadkharka Bhanjyang, Kavre invites electronic bids from duly eligible & qualified registered bidders for the procurement of following works under NCB/WORKS for S.N 1. Name & identifications of contracts are mentioned below though the details are in the bidding document.

| S. N. | Contract Identification No. | Description of Works | Bid Document Fee Amount | Bid security Amount | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | CDRM/WORKS/ NCB/04/079/080 | Construction oF kafle Khel Maidan Majhifeda | NRs.3000.00/- | NRs. 400,000.00/- | 2079/07/14 (2022-10-31) 12:00 | 2079/07/14 (2022-10-31) 14:00 |

| Name of Bank | Name of office | Revenue Account Name & No. | Deposit Account name & No. |
|---|---|---|---|
| NCC Bank, Chaunrideurali Branch | Chaunrideurali Rural Municipality, Dhadkharka, Bhanjyang, Kavre | ग.१.१ आन्तरीक राजश्व खाता<br>१४४०००००३११०१ | ग.३ स्थानिय तह धरौटी खाता<br>१४४००००००२९०१ |

2. Tender procedures shall follow Public Procurement Act 2063 and Public Procurement Regulation 2064 along with recent amendments.
3. Bid submitted in hard copy shall not be accepted.
4. If the last date of purchasing and submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. For further information please refer to the PPMOs website http/bolpatra.gov.np/egp. Any amendment in the notice or bid document will be posted in the website of office.

**Chief Administrative Officer**



## ऋषिङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**कोटदरवार, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

### विद्युतीय वोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०६/१४

यस गाउँपालिकाको आ.व. २०७९/८० को लागि स्वीकृत वार्षिक कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य गराउनुपर्ने आवश्यक भएकोले नेपाल सरकारबाट इजाजतपत्र प्राप्त योग्य नेपाली निर्माण व्यवसायीहरुबाट २०७९/०७/१६ गते कार्यालय समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय प्रणालीको माध्यमबाट बोलपत्र सम्बन्धी कागजात खरिद गर्न रु. ३००० यस कार्यालयको नाममा रहेको कुमारी बैंक ऋषिङ्ग शाखा स्थित सञ्चित कोष खाता नं. ग ४ १ - ०८३००३४५५४१०००७ मा जम्मा गरि सो सक्कल भौचर, साथै जमानत रकम यस कार्यालयको नाममा रहेको कुमारी बैंक ऋषिङ्ग शाखा स्थित धरौटी खाता नं. ग ३ - ०८३००३४५५४१००००४ मा जम्मा गरि सक्कल भौचर सहित वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट वोलपत्र जमानतपत्र -वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट घटीमा ९० दिन र थप ३० दिन म्याद भएको २०७९/०७/१७ गते १२:०० बजे सम्ममा आवश्यक कागजपत्र विद्युतीय प्रणाली मार्फत बुझाउनु हुन अनुरोध गरिन्छ । साथै टेन्डर सोही दिन १४:०० मा बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ।सो समयमा कुनै पनि बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

थप जानकारीको लागि www.bolpatra.gov.np/egp मा वा ९८५६०६३६८५ मा सम्पर्क गर्न सकिन्छ ।

| क्र. स | ठेक्काको नाम | ठेक्का न. | ठेक्का रकम | जमानत रकम | वोलपत्रको दस्तुर |
|---|---|---|---|---|---|
| १ | Construction of Boundary Wall of Admin Building | 04/RRM/THN/NCB/ WORKS/2079-80 | ३५४१५५१।९४ (भ्याट र पि एस बाहेक) | १००००० | ३००० |
| २ | Upgrading of Sapangdi-Ruptaar Road | 05/RRM/THN/NCB/ WORKS/2079-80 | ७९६७६९१।५० (भ्याट र पि एस बाहेक) | २२५००० | ३००० |

**प्रमुख प्रशासकीय अधिकृत**



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघिय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय**
## सडक डिभिजन चन्द्रनिगाहपुर

### विषय :- ठेक्का अन्त्य गरिएको सम्बन्धमा

**सुचना प्रकाशित मिति :-२०७९।०६/१४**

प्रस्तुत विषयमा यस सडक डिभिजन अन्तर्गत तपसिलका निर्माण व्यवसायीले तपसिलका ठेक्काहरुको निर्माण कार्यको सम्बन्धमा नि.व्य.बाट विभिन्न समयमा पेश गरेको संशोधित कार्यतालिका तथा समयमै निर्माण कार्य सम्पन्न गर्ने प्रतिबद्दता अनुसार निर्माण कार्य समयमै सम्पन्न गर्न यस डिभिजनबाट पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत अटेर गरे पश्चात ठेक्का किन नतोड्ने सम्बन्धि लिखित जवाफको लागि राष्ट्रिय दैनिक पत्रिकामा सार्वजिनक सुचना प्रकाशन गरी माग गरिएको अवस्थामा चित्तबुझ्दो कुनैपनि प्रतिक्रिया नदिई निर्माण कार्य नगर्ने मनसाय देखिए पश्चात यस डिभिजनको मिति २०७९/०६/११ गतेको निर्णयानुसार ठेक्का सम्झौताको शर्त बमोजिम तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (२) को खण्ड (क), दफा ५९ (७) र दफा ५९ (८) अनुसार ठेक्का सम्झौता अन्त्य गरि सोहि ऐनको दफा ६३ (१) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

| क्र.सं. | योजनाको नाम | ठेक्का नं. | नि.व्य.को नाम | कैफियत |
|---|---|---|---|---|
| १ | ब्रम्हपुरीचोक-पडरिया सडक, सर्लाही | DROCNP/337366-4-075/76-15 | गिताञ्जली/सिंह/खुशी जे.भी., जनकपुर, धनुषा | |
| २ | सखुवा देखि पडरिया-बेलही सडक, सर्लाही | DROCNP/337366-4-075/76-16 | गिताञ्जली/सिंह/खुशी जे.भी., जनकपुर, धनुषा | |
| ३ | सिमरा-कौडेना-खोरिया-हेमपुर-किशनपुर सडक, सर्लाही | RDOCNP/33701143-076/77-05 | रुबी कन्स्ट्रक्सन, मलंगवा-१, सर्लाही | |
| ४ | हरिहरपुर-कटानी-मैरा सडक, रौतहट | RDOCNP/33701143-076/77-15 | गौतम ऋषि कन्स्ट्रक्सन, कटहरिया, रौतहट | |
| ५ | मर्यादपुर-सितलपुर-मेवा सडक, रौतहट | RDOCNP/33701143-076/77-17 | गौतम ऋषि कन्स्ट्रक्सन, कटहरिया, रौतहट | |
| ६ | बालचनपुर जंगलसैया कोल्बी सडक, रौतहट | RDCNP/33701143-077/78-43 | सेफ मेटल एण्ड कन्स्ट्रक्सन प्रा.ली., बिरगंज | |
| ७ | सन्तपुर विश्रामपुर हरैया बिनग्रा मधोपुर पिपरा बजार हुदै गौर सडक, रौतहट | RDCNP/33701143-077/78-59 | आर.बि. कन्स्ट्रक्सन, गौर, रौतहट | |
| ८ | गौर पिपरा मधोपुर बिनग्रा सुन्दरपुर हरैया सन्तपुर सडक, रौतहट | RDCNP/33701143-077/78-82 | फैसल एण्ड अफजल कन्स्ट्रक्सन, गौर, रौतहट | |
| ९ | गौर-पिपरा-समनपुर सडक, रौतहट | RDOCNP/70236391-075/76-04 | भगवती निर्माण सेवा, कटहरिया-२, रौतहट | प्रदेश तर्फ |
| १० | निजगढ-पतौरा-बंकुल सडक, रौतहट | RDOCNP/70236391-075/76-07 | कमोद कन्स्ट्रक्सन प्रा.ली., मौलापुर-५, रौतहट | प्रदेश तर्फ |

**डिभिजन प्रमुख**